# टि. एस. एलियटका मूलभूत साहित्य सिद्धान्तहरू

*यादवप्रसाद शर्मा**

***Article History:*** *Received 10 Nov. 2021; Reviewed 23 Dec. 2021; Revised 14 Jan. 2022; Accepted 9 May 2022.*


## *लेखसार*

*टमस स्टर्न एलियटका 'परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent)को सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry), वस्तुगत समीकरण (Objective corelative)को सिद्धान्त र समन्वित संवेदना (unified sensibility)को सिद्धान्त' जस्ता साहित्य सिद्धान्तलाई सङ्क्षिप्त एवं प्रस्टरूपमा प्रस्तुत गर्ने उद्देश्यमा केन्द्रित यस लेखका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ र यसरी सङ्कलित सामग्रीको विश्लेषण गरेर सिद्धान्तको परीक्षण गरिएको छ । लेखमा सर्वप्रथम इलियटको सङ्क्षिप्त परिचय दिनुका साथै उनका सिद्धान्तहरूको पृष्ठभूमि प्रस्तुत गरिएको छ र अन्त्यमा परम्परालाई त्रिकालिकता प्रदान गरेर हरेक कालखण्डमा आउने व्यक्तिप्रतिभालाई अखण्ड परम्परामा सामेल गराउँदै परम्पराकै सापेक्षतामा व्यक्तिप्रतिभाको मूल्याङ्कन गरी उसका स्थानको निर्धारण-पुनर्निर्धारण गरिन्छ भन्ने सिद्धान्त नै परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त हो । प्रतिभाशाली कलाकारले आफ्ना अनुभूति, भावना र संवेदनालाई नवीनतासाथ निर्वैयक्तिक रूपमा प्रस्तुत गरेमा सिर्जना उत्कृष्ट बन्दछ । साहित्यकारले आफूले प्रकट गर्न चाहेका रागात्मक आवेग, अनुभूति, भाव वा विचारलाई वस्तुगतता र नाटकीयता दिएर समानार्थ-अभिव्यञ्जक संवेग वा वस्तु-संघटना, स्थिति वा घटना-शृङ्खलाजस्ता बाह्य वस्तुहरूद्वारा अभिव्यञ्जित गर्नुपर्छ भन्ने एलियटको वस्तुगत समीकरणको सिद्धान्तलाई पौरस्त्य काव्य चिन्तनअन्तर्गत रससिद्धान्तका कोणबाट हेर्दा 'भाव अनुकूलका विभाव, अनुभाव र व्यभिचारी भावको प्रयोग वा विभावादि-विधान' का रूपमा पनि बुझ्न सकिने देखिन्छ । चिन्तन अनुभूतिमय र अनुभूति चिन्तनमय बन्न सक्नु नै एलियटले चाहेको आदर्श स्थिति हो र यही नै उनको समन्वित संवेदनाको सिद्धान्तको मर्म हो भन्ने निष्कर्ष निकालिएको छ ।*


***शब्दकुञ्जी :*** *परम्परा, वस्तुनिष्ठ, वैयक्तिकता, निर्वैयक्तिकता, समन्विति*

## विषयपरिचय

बीसौं शताब्दीका प्रसिद्ध अङ्ग्रेजी कवि तथा समालोचक टमस स्टर्न एलियट (Thomas Stearns Eliot) को जन्म २६ सेप्टेम्बर सन् १८८८ मा अमेरिकाको मिसौरी स्थित सेन्ट लुइसमा एउटा सम्पन्न र शिक्षित परिवारमा भएको थियो । यिनका हजुरबा विलियम ग्रिनलिफ एलियट वासिङ्गटन विश्वविद्यालयका संस्थापक र सन् १८७० देखि १८८७ सम्म त्यस विश्वविद्यालयका कुलपतिसमेत भएका थिए । यिनका बाबु हेनरी वेर एलियट शिक्षित तथा प्रतिष्ठित उद्योगपति र सफल व्यापारी थिए भने आमा सार्लोट साम्पस्टर्न्स कवि तथा समाजसेवी थिइन् । यस्तो प्रतिष्ठित परिवारमा जन्मिएका थोमस स्टर्न एलियटले पनि अक्सफोर्ड विश्वविद्यालयबाट दर्शनशास्त्रमा स्नातक गरेका थिए । इलियट सन् १९१४ मा बेलायत गएर केही समय शिक्षक तथा केही समय बैंकमा क्लर्कको काम पनि गरे । सन् १९२२ मा फेबर एण्ड फेबर नामक प्रकाशन

* सह-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

गृहको स्थापना गरी The Criterion नामक साहित्यिक पत्रिकाको सम्पादन पनि गरे । सन् १९१९ मा The Egoist नामक पत्रिकामा प्रकाशित 'Tradttion and the Individual Talent' शीर्षक लेखबाट यिनले साहित्य सिद्धान्त र समालोचनाका क्षेत्रमा विशिष्ट ख्याति प्राप्त गरे । सन् १९२२ मा आफैले सम्पादन गरेको The Criterion नामक साहित्यिक पत्रिकामा प्रकाशित यिनको 'The Waste Land' शीर्षक कविता बीसौँ शताब्दीकै सर्वाधिक चर्चित प्रयोगशील कविता मानिएको छ । सन् १९१९ देखि निरन्तर साहित्य सिर्जना र समालोचनामा क्रियाशील प्रसिद्ध कवि, नाटककार तथा समालोचक एलियटका Tradttion and the Individual Talent (1919), The Sacred wood : Essays on poetry and criticism (1920-1921), The Metaphysical Poets (1921), The Waste Land (1922), Selected Essays (1934), Murder in the Cathedral (1935), The Family Reunion (1939), Old Possum's Book of Practical Cats (1939), Four Quartets (1944), Notes towards the Definition of Culture (1948), The Cocktail Party (1949), The Confidential Clerk (1954), The Elder Statesman (1959), Collected Poems 1909-62 (1963) जस्ता कृतिहरू प्रकाशित छन् । विभिन्न समयमा प्रकाशित उनका फुटकर रचनाहरूलाई सङ्कलित गरी पछिल्लो समयमा पुस्तकाकार रूपमा पनि प्रकाशित गरिएको पाइन्छ । सन् १९४८ मा साहित्यमा 'नोबेल पुरस्कार' तथा 'अर्डर अफ मेरिट' नामक प्रसिद्ध पुरस्कार पनि प्राप्त गर्ने एलियटको देहावसान ४ जनवरी सन् १९६५ मा ७६ वर्षको उमेरमा भयो ।

बीसौँ शताब्दीका प्रतिभाशाली चिन्तक, कवि, नाटककार एवं समालोचक टि. एस. एलियट विशेषतः कविता र समालोचनाका क्षेत्रमा सुपरिचित छन् । एलियटले स्वयंलाई राजनीतिमा राजतन्त्रवादी, धर्ममा रोमन क्याथलिक र साहित्यमा परिष्कारवादी भने पनि राजनीति र धर्मका क्षेत्रमा यिनको उल्लेख्य योगदान देखिँदैन परन्तु साहित्य सिर्जना र समालोचनाको क्षेत्रमा भने उल्लेखनीय योगदान रहेको छ । सिर्जनाका क्षेत्रमा पनि मूलतः कविता र नाटकमा उनको योगदान रहेको छ । यिनले कविताबारे स्पष्ट दृष्टिकोण प्रस्तुत गर्दै आफूलाई निर्वैयक्तिक कलाका पक्षमा उभ्याएका छन् । कवि र कवितामध्ये कसलाई बढी महत्त्व दिने भन्नेबारे चिन्तकहरूमा मतभेद देखिए पनि दुवै थरीले आआफ्ना पक्षमा सशक्त तर्कहरू प्रस्तुत गरेको पाइन्छ । एलियट भने स्पष्टतः कविभन्दा कविताका पक्षमा उभिएका छन् । कलरिजले कवितालाईभन्दा कविलाई बढी महत्त्व दिएका छन् भने एलियटले त्यसको ठीक विपरीत स्रष्टा कविलाईभन्दा उसको सिर्जना कवितालाई बढी महत्त्व दिएका छन् ; यद्यपि कवि र कविता पृथक् नभएर परस्पर सम्बद्ध कुरा हुन् । एलियटले कवितालाई समग्रमा परिभाषित गर्न कठिन भएकोले कुनै रचना कविता भए नभएको भन्ने कुरा साहित्यिक सन्दर्भबाट निर्क्योल गरिए पनि कविताको महानताको निरूपण भने उच्च मूल्यका आधारमा गर्नुपर्ने कुरा औँल्याएका छन् ।

एलियटका समयमा बेलायतमा स्वच्छन्दतावादी कविताको बोलवाला थियो । त्यस समयका कवितामा अराजकता, अतिशय काल्पनिकता, चरम वैयक्तिकताजस्ता प्रवृत्तिहरू पाइन्थे । कवितामा यथार्थलाई भन्दा बढी रहस्यलाई अनि कवितालाई भन्दा बढी कविलाई महत्त्व दिइन्थ्यो । यसै परिप्रेक्ष्यमा टि.एस.एलियट स्वच्छन्दतावादका विपक्षमा र परिष्कारवादका पक्षमा उभिएर सिर्जना र समालोचनाका माध्यमबाट कवितालाई भिन्न धारमा उभ्याउने प्रयास गरेका छन् । यिनले उत्तम कविताको सिर्जना प्रतिभा, अध्ययन ( व्युत्पत्ति) र साधना (अभ्यास) तीनैको संयोगबाट हुन्छ भन्ने धारणा प्रस्तुत गर्दै कविता निर्वैयक्तिक तथा वस्तुपरक हुनुपर्ने मान्यता अघि सारेका छन् ।

एलियटले एरिस्टोटलको अनुकरण सिद्धान्तमा अन्तर्निहित वस्तुपरकताबाट आफू प्रभावित भएको बताउँदै एरिस्टोटललाई उच्चस्थान प्रदान गरेका छन् । त्यस्तै यिनी फ्रान्सेली प्रतीकवादी कवि एवं समालोचक रेमी द गुर्मोको व्यक्ति कविभन्दा कवितालाई बढी महत्त्व दिने तथा समालोचना परिष्कृत एवं वस्तुपरक हुनुपर्छ

भन्ने चिन्तनबाट पनि प्रभावित छन् । यसरी नै विम्बात्मक अभिव्यक्तिलाई विशेष महत्त्व दिने आफ्ना समकालीन विम्बवादी कवि एवं चिन्तक एज्रा पाउन्डको समालोचना परिष्कृत र वस्तुपरक हुनुपर्छ भन्ने अवधारणाबाट पनि यिनी प्रभावित देखिन्छन् । अनुभूति र विचारलाई विम्बात्मक एवं आलंकारिक भाषिक माध्यमबाट व्यक्त गर्नुपर्छ भन्दै कवितालाई विशेष खालको कलाशिल्पका रूपमा लिने टि. इ. ह्युमबाट पनि एलियट प्रभावित देखिन्छन् । कविता भावप्रधान हुने भएकाले कुनै एक भाषामा लेखिएको कवितालाई अर्को भाषामा जस्ताको त्यस्तै अनुवाद गर्न सकिन्न भन्ठान्ने एलियट कविताको भाव जीवनवादी र भाषिक शिल्प परिष्कृत हुनुपर्ने ठान्छन् । यसरी एलियटको सिद्धान्त एरिस्टोटल, गुर्मो, एज्रा पाउन्ड, टि. इ. ह्युमजस्ता आफ्ना अग्रज एवं समकालीन चिन्तकहरूको चिन्तनबाट प्रभाव ग्रहण गरी मौलिकतायुक्त रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस लेखमा एलियटका 'परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent) को सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry), वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त र समन्वित संवेदना (unified sensibility) को सिद्धान्त'जस्ता साहित्य सिद्धान्तलाई सङ्क्षिप्त एवं प्रस्टरूपमा प्रस्तुत गरिएको छ ।

## अध्ययनको समस्या

बीसौं शताब्दीका प्रसिद्ध अङ्ग्रेजी कवि, समालोचक तथा साहित्य चिन्तक टमस स्टर्न इलियटका परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent) को सिद्धान्त कस्तो साहित्यिक सिद्धान्त हो ? निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry) भनेको के हो ? वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त र समन्वित संवेदना (unified sensibility) को सिद्धान्त (unified sensibility) भन्नाले के बुझिन्छ ? भन्ने जस्ता बौद्धिक तथा तार्किक सैद्धान्तिक समस्याहरू नै यस अध्ययनका प्रमुख समस्याहरू हुन् ।

## अध्ययनको उद्देश्य

टमस स्टर्न इलियटका परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent) को सिद्धान्तको मुख्य अभिप्राय केलाउनु, निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry) लाई प्रस्ट्याउनुका साथै वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त र समन्वित संवेदना (unified sensibility) को सिद्धान्तमाथि प्रकाश पार्नु नै यस अध्ययनको उद्देश्य हो ।

## अध्ययनको औचित्य

'टमस स्टर्न इलियटका साहित्य सिद्धान्तहरू' शीर्षकको यस अनुसन्धानात्मक लेखमा परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent) को सिद्धान्तको मुख्य अभिप्राय केलाई निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry) लाई प्रस्ट्याउँदै वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त र समन्वित संवेदना (unified sensibility) को सिद्धान्तमाथि पनि प्रकाश पारिएको छ । यसबाट साहित्यका सर्जक, पाठक, समालोचक तथा अनुसन्धाताहरूसमेत लाभान्वित हुने भएकाले प्राज्ञिक दृष्टिले यो अनुसन्धानात्मक लेख औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको सीमा

यो लेख इलियटका परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent) को सिद्धान्तको मुख्य अभिप्राय केलाउने, निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry) ले काव्यरचनाका सन्दर्भमा राख्ने अपेक्षा पहिल्याउने तथा वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त र समन्वित संवेदना (unified sensibility) को सिद्धान्तमाथि प्रकाश पार्ने कार्यमा मात्र सीमित रहेको छ ।

## अध्ययनविधि

यस लेखको लागि आवश्यक विविध सामग्रीहरूको सङ्कलनमा पुस्तकालयीय स्रोतको प्रयोग गरिएको छ । यो लेख (टमस स्टर्न इलियटजस्ता प्रसिद्ध साहित्य चिन्तकका परम्परा र व्यक्तिप्रतिभा (Tradition and the Individual Talent) को सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry), वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त र समन्वित संवेदना (unified sensibility) को सिद्धान्तजस्ता पूर्वस्थापित साहित्य सिद्धान्तमाथिकै विमर्श भएकाले निगमन विधिको प्रयोग गरी विभिन्न विद्वान्, दार्शनिक, समालोचक एवं अनुसन्धाताहरूका व्याख्या-विश्लेषण र विचारहरूको प्रयोग गरी सिद्धान्तहरूको पुन: परीक्षण गरी निष्कर्षमा पुगिएको छ ।

## परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त

टि. एस. एलियटको परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त उनको '**Tradition and the Individual Talent**' शीर्षक लेखमा आधारित रहेको छ । उनको यो लेख धेरै लामो नभए तापनि यसलाई तीन भागमा विभाजित गरिएको छ । यस लेखमा परम्पराको प्रचलित/रूढ अर्थलाई परिवर्तन गरी नवीन तात्पर्यमा अर्थ्याइएको छ । एलियटभन्दा पहिले परम्परालाई अतीतको मूल्यमान्यता र स्थापनाका रूपमा लिइन्थ्यो भने एलियटले यसलाई अतीतसँग मात्र नभएर वर्तमान र अझ भविष्यसँग समेत जोडेर व्यापकता प्रदान गरेका छन् । यिनले परम्परालाई समग्र ऐतिहासिक कालक्रमका रूपमा अर्थ्याएका छन् । टि. एस. एलियटको तीन भागमा विभाजित '**Tradition and the Individual Talent**' शीर्षक लेखका प्रत्येक भागमा व्यक्त मूल अवधारणालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### प्रथम भाग

१. परम्परा भन्ने कुरा सीमित नभएर व्यापक हुन्छ । प्रत्येक राष्ट्र र जातिको आफ्नो सिर्जनात्मक तथा समालोचनात्मक मनोवृत्ति पनि हुन्छ र समालोचनात्मक कार्यमा सिर्जनात्मक कार्यभन्दा फरक कतिपय कमीकमजोरी पनि हुन्छन् ।

२. समालोचना श्वासप्रश्वास झैँ अपरिहार्य हुन्छ । कुनै पनि कुरा पढ्दा, सुन्दा वा देख्दा सहजरूपमा त्यसका गुणदोषको बोध हुन्छ । त्यसलाई कसैले अभिव्यक्त गर्छन् कसैले गर्दैनन् ।

३. व्यक्तिप्रतिभा परम्परासँग असम्बद्ध, निरपेक्ष वा विच्छिन्न नभएर परम्परासँग सम्बद्ध हुन्छ । परम्परासँग सम्बद्ध रहे पनि व्यक्तिप्रतिभाका आफ्ना वैयक्तिक विशेषता/मौलिकता हुन्छन् जसका आधारमा व्यक्तिप्रतिभाको मूल्याङ्कन गरिन्छ ।

४. परम्पराको अर्थ व्यापक छ । यसलाई पैत्रिक विरासतका रूपमा प्राप्त गर्न सकिँदैन । यसको प्राप्तिका लागि कडा परिश्रमको आवश्यकता पर्दछ । यसका लागि ऐतिहासिक सन्दर्भको ज्ञान पनि

आवश्यक हुन्छ । ऐतिहासिक सन्दर्भको ज्ञानको तात्पर्य अतीतको मात्र नभएर वर्तमानको पनि ज्ञान भन्ने बुभ्नुपर्दछ ।

५. परम्परा मृत, अनुपयोगी एवं विच्छिन्न नभएर जीवित, उपयोगी एवं अविच्छिन्न हुन्छ । यसको अतीतले वर्तमानलाई समृद्ध र सार्थक तुल्याउँछ अनि भविष्यको मार्ग प्रशस्त गर्छ । परम्पराको विस्तार देश र काल दुवैमा हुन्छ ।

६. कुनै पनि कवि वा कलाकारको पूर्ण सार्थकता एक्लै हुँदैन । उसको महत्त्व र प्रशंसा दिवङ्गत कवि वा कलाकारको सापेक्षतामा हुन्छ । समानता र भिन्नता छुट्ट्याउन अग्रजहरूसँग तुलना गर्नुपर्ने हुनाले उसको एक्लै मूल्याङ्कन सम्भव हुँदैन ।

७. जसरी वर्तमानबाट अतीत परिवर्तित हुन्छ त्यसरी नै अतीतबाट वर्तमान निर्देशित हुन्छ । कुनै पनि नयाँ कृतिको सिर्जनामा पूर्ववर्ती कृतिको कुनै न कुनै भूमिका रहेको हुन्छ ।

८. कविका लागि अतीतको चेतना आवश्यक हुन्छ । कवि कलाकारको उन्नतिका लागि निरन्तर आत्मोत्सर्ग र व्यक्तित्वको अवसान हुनुपर्छ र यही निर्वैयक्तिकताका कारण कला विज्ञानका अवस्थामा पुग्छ ।

## द्वितीय भाग

१. कविको प्रशंसा होइन, इमानदारीपूर्वक संवेदनशील काव्य र समालोचनाको प्रशंसा गरिनुपर्छ ।

२. कलाकृतिको आस्वादनबाट प्राप्त आनन्दानुभूति अन्य साधनबाट प्राप्त आनन्दानुभूतिभन्दा भिन्न हुन्छ ।

३. कविको मनमा अनन्त संवेदना, पदावली, विम्ब आदिको भण्डार हुन्छ । सिर्जनाको क्षण नआउन्जेल ती त्यत्तिकै रहन्छन् र सिर्जनाका क्षणमा ती सबै नयाँ रूपमा संयोजित भई कलाको रूप धारण गर्दछन् ।

४. कविले व्यक्तित्वको अभिव्यक्ति गर्दैन । ऊ व्यक्तित्व नभएर अभिव्यक्तिको माध्यम मात्र हो । उसमा प्रभाव एवं अनुभव विलक्षण ढङ्गले अप्रत्यासित रूपमा संयोजित हुन्छन् । कविको विशिष्टता उसको वैयक्तिक भावमा निर्भर हुँदैन र हुनुहुँदैन पनि । कविको काम नयाँ भावको खोजी गर्नु नभएर साधारण भावको उपयोग गरी वा वास्तविक भावमा नभएका संवेदना व्यक्त गरी काव्यरूप प्रदान गर्नु हो ।

५. कविता भावको स्वच्छन्द प्रवाह नभई भावबाट पलायन हो र यो व्यक्तित्वको अभिव्यक्ति नभई व्यक्तित्वबाट पनि पलायन हो तर व्यक्तित्वले त्यसबाट पलायनको अभिप्राय भने बुभ्दछ ।

## तृतीय भाग

१. धेरै व्यक्ति कवितामा इमानदार भावको अभिव्यक्तिको प्रशंसा गर्छन् भने थोरै व्यक्ति त्यसको प्राविधिक विशिष्टताको प्रशंसा गर्न सक्छन् । तर अत्यन्त कम व्यक्ति मात्र कविको जीवनमा नभएर काव्यको जीवनमा सार्थक भाव रहन्छ भन्ने जान्दछन् ।

२. कलाको भाव निर्वैयक्तिक हुन्छ । कवि कृतिमा पूरै समर्पित नहुन्जेलनिर्वैयक्तिकता प्राप्त गर्न सक्दैन ।

उपर्युक्त बुँदाहरूलाई हेर्दा टि. एस. एलियटले '**Tradition and the Individual Talent**' को पहिलो भागमा परम्पराको व्याख्या गर्दै कुनै नयाँ कवितालाई पूर्ववर्ती कविका कविताका सापेक्षतामा अध्ययन गर्नुपर्ने बताउँदै सुरुदेखि अहिलेसम्मको काव्य शृङ्खलालाई जीवित एकाइका रूपमा लिनुपर्ने कुरा औँल्याएका छन् । यसरी नै दोस्रो भागमा यिनले कवि व्यक्तिलाई भन्दा उसको कृतिलाई महत्त्व दिनुपर्छ भन्दै निर्वैयक्तिकतामा जोड दिएका छन् भने तेस्रो भागमा लेखको निष्कर्ष प्रस्तुत गरेका छन् ।

टि. एस. एलियटको समालोचना केन्द्री प्रमुख सिद्धान्त **परम्परा र व्यक्तिप्रतिभा** नै हो । यस सिद्धान्तमा उनले परम्परालाई विशेष ढङ्गले अर्थ्याएका छन् । परम्परालाई सामान्यतया प्राचीन कालदेखि अविच्छिन्न रूपले चलिआएको रीतिथिति, प्रथा वा पुर्खाद्वारा चलाइएका सामाजिक नीतिनियमका रूपमा अर्थ्याउने प्रचलन रहेकामा यिनले परम्परालाई इतिहासको कहिल्यै अवरुद्ध नहुने अखण्डित एवं गतिशील अजस्र धाराका रूपमा अर्थ्याएका छन् (लुइटेल, २०६८ पृ. ६१) ।' एलियटका अनुसार परम्परा भनेको अतीत र अतीतका प्रचलन वा नियम मात्र नभएर विगत, आगत र अनागतसमेतको निरन्तर प्रवाह हो भन्ने बुझिन्छ । यसरी यिनले परम्परालाई निश्चित कालखण्डका रूपमा नभएर समग्रकालको निरन्तरताका रूपमा लिएको देखिन्छ । परम्परा केवल पूर्ववर्ती नियम र प्रवृत्तिको अन्धानुकरण नभएर इतिहासका तीनै कालको ऐतिहासिक चेतना हो । एलियटले परम्परालाई समयविशेषमा सीमित नगरी अखण्ड समयधाराका रूपमा व्याख्या गरेर अर्थविस्तार गरेका छन् । यिनका अनुसार प्रत्येक साहित्यकारले परम्पराप्रति सचेत रही त्यसका सकारात्मक उपलब्धिलाई ग्रहण गर्नुपर्छ । परम्पराको सचेतताकै सन्दर्भबाट साहित्यिक कृतिको स्तर निर्धारण हुन्छ ।

परम्परा भनेको केवल आफ्ना पूर्ववर्ती पुस्ताका प्रवृत्तिको अनुशरण गर्नु वा त्यसलाई उत्तराधिकारका रूपमा ग्रहण गर्नु मात्र नभएकाले परम्पराको निर्माण गरी त्यसमा समाविष्ट हुन अत्यधिक मेहनत गर्नुपर्छ अर्थात् परम्परा सामान्य रूपमा अनुकरण गर्न सकिने वस्तु नभएकाले यसलाई प्राप्त गर्न निरन्तर प्रयत्न गर्नुपर्छ र त्यसका लागि कविमा समुचित ऐतिहासिक दृष्टिकोण पनि हुनुपर्छ । ऐतिहासिक दृष्टिकोणविना कविले परम्पराको ज्ञान हासिल गर्न सक्दैन र उसको काव्यले परम्पराको समुचित उपयोग गर्न पनि सक्दैन । कविले कुनै सिर्जना गर्दा साहित्यको सम्पूर्ण परम्परा मुखरित भइरहेको हुन्छ र यस्तो ऐतिहासिक दृष्टिकोणले कविलाई समयको सानो दायराबाट मुक्त गरिदिन्छ (सुवेदी, २०३० पृ. २७८) ।' एलियटका अनुसार परम्पराको चेतनाअन्तर्गत ऐतिहासिक चेतना पनि निहित रहन्छ र यस्ता ऐतिहासिक चेतना साहित्यकारमा पचीस वर्षको उमेर पार गरेपछि देखापर्छ । एलियटले साहित्यको सिर्जना केवल समकालीनतामै केन्द्रित भएर नगरी विगतदेखि अनागतसम्म केलाएर गर्नुपर्ने कुरा औँल्याएका छन् । समालोचकले अतीतका सापेक्षतामा वर्तमानको मूल्याङ्कन र वर्तमानका उपलब्धिका सापेक्षतामा अतीतको मूल्याङ्कन गर्नुपर्छ भन्ने एलियटको दृष्टिकोण रहेको छ । यसरी स्रष्टा र द्रष्टा दुवै परम्पराप्रति सजग रहनुपर्ने कुरा स्पष्ट हुन्छ ।

परम्परा कुनै साहित्यको पृष्ठभूमि वा अतीत मात्र नभएर त्यसको निरन्तरता हो र यो सदैव जीवन्त एवं गतिशील हुन्छ । परम्परालाई सम्पूर्णतामा ग्रहण गर्न सम्बद्ध भाषाका प्रमुख लेखकहरूको मात्र नभएर गौण लेखकहरूको पनि अध्ययन गर्नुपर्छ किनभने हरेक युगका गौण लेखकहरूले पनि प्रमुख लेखकको पृष्ठभूमि बनाई परम्परालाई निरन्तरता प्रदान गर्छन् भन्ने एलियटको मान्यता रहेको छ । परम्परा कुनै कालखण्डमा पनि अवरुद्ध हुँदैन र हरेक लेखक जीवित वा दिवङ्गत जे भए पनि परम्परामा भने ऊ सधैँ जीवित रहन्छ र उसको योगदानअनुरूप स्थान निर्धारण पुनर्निर्धारणको क्रम पनि निरन्तर चलि नै रहन्छ । यसरी निरन्तर गतिशील परम्परामा व्यक्तिप्रतिभा आउने र उसको स्तर निर्धारण एवं पुनर्निर्धारण गर्ने प्रक्रिया निरन्तर

रूपमा चलिरहन्छ । कुनै समय विशेषमा अत्यन्त प्रतिभाशाली व्यक्तिप्रतिभा देखा परेमा परम्परामा पूर्वनिर्धारित व्यक्तिप्रतिभाको स्थानमा पनि व्यापक परिवर्तन पनि हुनसक्छ ।

समस्त साहित्यिक परम्पराको विवरणका रूपमा रहेको साहित्यिक इतिहासमा व्यक्तिप्रतिभाको मूल्याङ्कन तथा स्तरनिर्धारण परम्पराकै सापेक्षतामा गरिन्छ । इतिहासमा देखापर्ने प्रत्येक व्यक्तिप्रतिभाको भूमिका पनि परम्पराकै सापेक्षतामा निर्धारित हुन्छ र भविष्यमा देखापर्ने व्यक्तिप्रतिभाका लागि समेत प्रभावित छोड्दै परम्परामै जीवित रहन्छ तथा उसको स्थाननिर्धारणको क्रम पनि निरन्तर चलिरहन्छ । परम्पराकै सन्दर्भबाट व्यक्तिप्रतिभाको अध्ययन तथा उसका स्थानको निर्धारण-पुनर्निर्धारण गर्ने काम चलिरहन्छ । हरेक व्यक्तिप्रतिभाको मूल्याङ्कनका निम्ति परम्पराप्रतिको सजगता आवश्यक हुन्छ । परम्पराको बोध र त्यसप्रतिको सचेतता सर्जक र समालोचक दुवैका निम्ति अत्यावश्यक हुन्छ । परम्परा अखण्ड एवं निरन्तर गतिशील हुन्छ भने व्यक्तिप्रतिभा यही अखण्ड परम्पराको कुनै कालखण्डमा आएर खास योगदान गर्छ । अखण्ड परम्पराको अनवरत गतिमा व्यक्तिप्रतिभाको आवागमन पनि निरन्तर चलिरहन्छ र यसरी आउने-जाने हरेक व्यक्तिप्रतिभाको मूल्याङ्कन तथा स्थाननिर्धारण पनि पूर्ववर्ती एवं समकालीन व्यक्तिप्रतिभाको तुलनाबाट गरिन्छ । यसरी परम्पराको नूतन व्याख्या गरी त्यसलाई त्रिकालिकता प्रदान गर्दै परम्पराकै सापेक्षतामा व्यक्तिप्रतिभाको मूल्याङ्कन र हरेक कालखण्डमा आउने व्यक्तिप्रतिभालाई अखण्ड परम्परामा सामेल गराउँदै प्रत्येक व्यक्तिप्रतिभाका स्थानको निर्धारण-पुनर्निर्धारण गरिन्छ भन्ने सिद्धान्त नै एलियटको परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त हो ।

## निर्वैयक्तिकताको सिद्धान्त (Impersonal theory of poetry)

टि. एस. एलियटले परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्तको स्थापनाका सन्दर्भमै निर्वैयक्तिकताको सिद्धान्तको पनि स्थापना गरेका छन् । रिचर्डस् र इलियटभन्दा पूर्व नै अर्थात् बीसौँ शताब्दीको दोस्रो दशकदेखि नै निर्वैयक्तिकताको चर्चा प्रारम्भ भइसकेको भए तापनि निर्वैयक्तिकताको सिद्धान्तलाई पूर्ण रूप दिने श्रेय इलियटलाई नै दिन सकिन्छ (सुवेदी, २०३० पृ. २७८) ।' स्वच्छन्दतावादी आत्मपरकता एवं वैयक्तिकताका विरोधी एलियटले आफूलाई वस्तुपरकता र निर्वैयक्तिकताका पक्षपातीका रूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार अविच्छिन्न एवं अखण्ड रूपमा प्रवाहित परम्पराका विभिन्न क्षण/कालखण्डमा विभिन्न व्यक्तिप्रतिभाहरू आउनेजाने क्रम निरन्तर चलिरहन्छ र निर्वैयक्तिक ढङ्गबाट साहित्य सिर्जना गर्ने प्रक्रिया पनि चलिरहन्छ (लुइटेल, २०६८ पृ. ६३) ।' एलियटका अनुसार कवि कविताको माध्यम, जीवनजगत् कविताको विषय/सामग्री तथा कविता वस्तुपरक/निर्वैयक्तिक अभिव्यक्ति गरिएको रचना हो । स्वच्छन्दतावादका अनुसार प्रत्येक रचनामा वैयक्तिक आवेगको अभिव्यक्ति हुन्छ त्यसैले रचनामा वैयक्तिकताको छाप अवश्य रहन्छ ; परन्तु स्वच्छन्तावादी मान्यताका विपरीत निर्वैयक्तिकताको सिद्धान्तले कविता रचनाका क्रममा कविको व्यक्तित्व विलयन हुने हुँदा कविता कवि व्यक्तित्वको प्रकटीकरण/अभिव्यञ्जना हुनसक्दैन भन्ने मान्यतालाई अघि सारेको छ ।

टि. एस. एलियट 'कवि वैज्ञानिक जस्तै निर्वैयक्तिक र वस्तुनिष्ट हुनुपर्छ' भन्ने एज्रा पाउन्डको भनाइबाट प्रभावित थिए । एलियटका अनुसार कविले सधैँ आफ्नो स्वत्वको समर्पण गरिरहन सिक्नुपर्छ । एक कलाकारको उन्नति भनेको नै उसको सतत आत्मबलिदान वा अनवरत व्यक्तित्व-विलोपन हो (सुवेदी, २०३० पृ. २७९) ।' यसका साथै एलियट साहित्यमा आत्मनिष्ठ तत्त्वलाई नियन्त्रित गरी वस्तुनिष्ठतालाई अभिवृद्धि गर्न र साहित्यलाई जीवन्त तुल्याउन परम्पराको योग पनि अनिवार्य मान्दथे । उनका अनुसार 'कवि आफ्ना वैयक्तिक भावहरूलाई कवितामा अभिव्यक्त गर्दछ परन्तु यसरी अभिव्यक्त गर्दछ कि ती

भावहरू सर्वसाधारणका भाव बन्दछन् । त्यसैले एलियटको निर्वैयक्तिकताको तात्पर्य 'कविका वैयक्तिक भावहरूको विशिष्टताको सामान्यीकरण' हो । कवि आफ्ना तीव्र संवेदना र ग्रहणसामर्थ्यबाट सर्वसाधारणका अनुभूतिहरूलाई पनि आफ्नै निजी अनुभूतिहरूझैँ अनुभूत गर्दछ वा ती अनुभूतिहरू पनि कविका निजी अनुभूति बन्दछन् ; परन्तु जब कवि स्वभुक्त अथवा चिन्तनद्वारा आयत्त अनुभूतिहरूलाई काव्यमा अभिव्यक्त गर्दछ तब ती अनुभूतिहरू सबैका अनुभूति बन्दछन् (चौधरी र गुप्त, २००० पृ. ३०७) ।' यही नै निर्वैयक्तिकता हो र यही कुरालाई पौरस्त्य काव्यशास्त्रमा केही भिन्न तरीकाले प्रस्तुत गरिएको पाइन्छ ।

टि.एस.एलियटले निर्वैयक्तिकताको सिद्धान्तलाई प्रस्ट पार्न एउटा वैज्ञानिक तथ्यलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । अक्सिजन र सल्फर डाइअक्साइड ग्याँस भएको कोठामा प्लेटिनम धातुको एक टुक्रा राखिदिएमा त्यहाँ भएका अक्सिजन र सल्फर डाइअक्साइड दुवै ग्याँस सल्फ्युरिक एसिड (गन्धकीय अम्ल) मा परिणत हुन्छन् । प्लेटिनमकै कारण अक्सिजन र सल्फर डाइअक्साइड सल्फ्युरिक एसिडमा परिणत हुने भए तापनि सल्फ्युरिक एसिडमा न प्लेटिनमको मात्रा रहन्छ न त प्लेटिनममा अक्सिजन र सल्फर डाइअक्साइडको कुनै प्रभाव पर्छ । प्लेटिनम जस्ताको त्यस्तै निष्क्रिय, तटस्थ एवं अपरिवर्तित नै रहन्छ । प्लेटिनमको टुक्राले सल्फ्युरिक एसिड बनाउन महत्त्वपूर्ण भूमिका खेले पनि प्लेटिनम स्वयं पनि बदलिँदैन तथा सल्फ्युरिक एसिडमा प्लेटिनमको मात्रा वा प्रभाव पनि रहँदैन । यसरी यस प्रक्रियामा प्लेटिनमले उत्प्रेरक (Catalyst) को भूमिका मात्र निर्वाह गर्दछ । कवि र कविताका बीचको सम्बन्ध यही प्लेटिनम र सल्फ्युरिक एसिडको जस्तै निर्वैयक्तिक हुन्छ । कविको मन प्लेटिनमको टुक्राजस्तै हो । त्यससँगको सम्पर्कका कारण विभिन्न अनुभूति, भाव वा संवेदनाले कविताको रूप ग्रहण गर्छ परन्तु स्वयं अप्रभावित रहन्छ । प्रतिभाशाली कलाकारले आफ्ना अनुभूति, भावना र संवेदनालाई नवीनतासाथ निर्वैयक्तिक रूपमा प्रस्तुत गर्दछ र त्यो सिर्जना उत्कृष्ट सिर्जना बन्दछ । सामान्य कलाकारले वैयक्तिक भोगाइ वा भावकै प्रस्तुति गर्ने हुँदा उसको सिर्जना निम्नकोटिको हुन्छ भन्ने एलियटको दृष्टिकोण रहेको छ । सामान्य कलाकार कर्ता/भोक्ताका भावमा स्थित हुने भएकाले उसमा वैयक्तिक भावको प्राधान्य रहन्छ भने उत्कृष्ट कलाकार द्रष्टा/साक्षीका भावमा स्थित हुने भएकाले उसमा निर्वैयक्तिकता पाइन्छ ।

## वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्त

एलियटले सेक्सपियरको ह्यामलेट नाटकको चर्चाका क्रममा आवेगहरू वस्तुगत समीकरणकै आधारमा साहित्यिक कृतिमा व्यक्त हुने अथवा आवेगलाई वस्तुगतता वा नाटकीयता दिएरै व्यक्त गरिनुपर्ने कुरा व्यक्त गर्दै वस्तुगत समीकरणको सिद्धान्तको प्रतिपादन गरेका छन् । उनका विचारमा 'रागलाई कलाका रूपमा व्यक्त गर्ने काम त्यसको वस्तुमूलक प्रतिरूपता (Objective corelative) प्राप्त गरेर मात्र सम्भव हुन्छ अर्थात् वस्तुहरूको एक शृङ्खला, कुनै परिवेश र घटनाको शृङ्खलाको आधारभूमि नलिईकन उल्लास/राग वा उच्छ्वास/द्वेष व्यक्त गर्नाले त्यसले कलाको रूप धारण गर्न सक्दैन (सुवेदी, २०३० पृ. २८१) ।' एलियटका अनुसार ह्यामलेट नाटकको कलात्मक असफलताको कारण वस्तुनिष्ठ समीकरणको अभाव नै हो । वस्तुनिष्ठ समीकरणको सिद्धान्त अनुसार 'कविता एक वाचिक संरचना (Verbal structure) हो जसमा कविले संप्रेषण गर्न चाहेका भावहरू समाहित हुन्छन् । कविलाई अभिप्रेत भाव, संवेदन तथा विचार अमूर्त हुन्छन् । अमूर्त वस्तुलाई इन्द्रिय प्रत्यक्ष अनुभव गर्न सकिँदैन । भावकलाई पनि अमूर्त वस्तुको प्रत्यक्ष अनुभूति हुनसक्दैन । कलासाहित्य धर्म, दर्शन वा नीतिको स्थानापन्न वस्तु नभएर स्वयं स्वतन्त्र एकाइ हो । कलामा भाव-संप्रेषणको मार्ग एउटै मात्र छ र त्यो वस्तुनिष्ठ समीकरणको मार्ग हो (गुप्त, २००३ पृ. १७९) ।' यसको तात्पर्य के हो भने भावको सूत्रस्वरूप यस्तो वस्तु-संघटना, स्थिति वा घटना-शृङ्खला प्रस्तुत गरियोस् जसका माध्यमबाट तुरुन्तै भावोद्रेक होऊन् । वस्तु-संघटना, स्थिति वा घटना-

शृङ्खलाजस्ता बाह्य वस्तुहरूलाई यसरी प्रस्तुत गरियोस् जसको पर्यवसान अपरोक्ष मानस-अनुभवका रूपमा होस् । वास्तवमा कुनै पनि कवि वा नाटककारले जे भन्न चाहन्छ त्यसलाई वस्तुहरूका बीचको कुनै घटना, कुनै स्थिति, कुनै घटना-शृङ्खलाका माध्यमबाट नै भन्दछ । उसले आफ्ना संवेदना र अनुभूतिहरूलाई अभिव्यक्त गर्न वस्तुगत चिन्हहरूको सहयोग लिन्छ । तिनैको सहयोगले अमूर्त अनुभूति, भाव वा विचारलाई मूर्त/अपरोक्ष बनाउँछ । यी मूर्त/वस्तमूलक चिन्ह वा प्रतीकहरूका माध्यमबाट कवि वा नाटककारले भावकमा ठिक तिनै अनुभूति, भाव वा विचारलाई जागृत गर्छ जुन आफ्ना मनमा जागृत भएका थिए (चौधरी र गुप्त, २००० पृ. ३०८) ।' एलियटका अनुसार 'संवेगको प्रयोगद्वारा आवेगहरूको नाटकीकरण हुनुपर्छ ; संवेग नै कविको सृजनाको साधनका रूपमा आवेगको स्थानापन्न हुनजान्छ । अझ भनौं कविता वा नाटकको विषय-वस्तुका रूपमा परिणत हुन्छ (त्रिपाठी, २०४८ पृ. २८९) ।' त्रिपाठीका अनुसार आवेगलाई सिधै व्यक्त गर्नु हुँदैन बरु संवेगको रूप दिनुपर्छ भन्ने एलियटको अभिप्राय हो । संवेगले आवेगहरूको स्तर अनुरूप अनुभूति दिने मात्र होइन बरु वास्तविकताको अनुभूतिका साथै वस्तुका इन्द्रियार्थ सन्निकर्षजन्य अनुभूति पनि दिनुपर्छ । एलियटका विचारमा संवेग भनेको ऐन्द्रियिक अनुभूतिको सामर्थ्य हो । आवेगलाई कलाकृतिका रूपमा परिणत गर्ने उपाय वस्तुगत समीकरण नै हो । जुन आवेग साहित्यकारसँग छ साहित्यमा त्यसको अभिव्यक्ति गर्न सक्ने सामर्थ्य हुनुपर्छ अथवा साहित्यकारले जे अनुभूत गर्छ पाठक, दर्शक वा भावकहरूलाई पनि त्यो कुरा अनुभूत हुनुपर्छ (त्रिपाठी, २०४८ पृ. २९०) ।' यसरी एलियट साहित्यकारले आफूले प्रकट गर्न चाहेका रागात्मक आवेग, अनुभूति, भाव वा विचारलाई वस्तुगतता र नाटकीयता दिएर समानार्थ-अभिव्यञ्जक संवेग वा वस्तु-संघटना, स्थिति वा घटना-शृङ्खलाजस्ता बाह्य वस्तुहरूद्वारा अभिव्यञ्जित गरिनुपर्ने कुरा औंल्याउँछन् । एलियटको यस वस्तुगत समीकरण (Objective corelative) को सिद्धान्तलाई पौरस्य काव्य चिन्तनअन्तर्गत रससिद्धान्तका कोणबाट हेर्दा भाव अनुकूलका विभावको प्रयोग वा 'विभाव-विधान' का रूपमा पनि बुझ्न सकिने देखिन्छ ।

## समन्वित संवेदना (unified sensibility) को सिद्धान्त

समन्वित संवेदना (unified sensibility) को सिद्धान्तलाई एलियटले आफ्नो The Metaphysical Poets (1921) शीर्षक लेखमा प्रस्तुत गरेका छन् । यस सिद्धान्तका सन्दर्भमा उनी फ्रान्सेली कवि तथा समालोचक रेमी द गुर्मोबाट प्रभावित देखिन्छन् । रेमी द गुर्मोले विच्छेदित संवेदनाका सन्दर्भबाट वैयक्तिक संवेदनशीलताको चर्चा गरेका थिए भने एलियटले अङ्ग्रेजी साहित्यको व्यापक परिप्रेक्ष्यमा यसको चर्चा गरेका छन् (लुइटेल, २०६८ पृ. ६५) ।' एलियटका विचारमा सत्रौं शताब्दीदेखि अङ्ग्रेजी कविताको स्वस्थता खण्डित भएको हो । उनले सत्रौं शताब्दीका डन मार्भेल, लर्ड हर्वर्ट लगायतका अङ्ग्रेजी कविहरूमा विचार र संवेगको समन्वित सत्ता अर्थात् समन्वित संवेदना पाइने कुरा गरेका छन् । उनीहरू त्यस्ता बौद्धिक कवि हुन् जसको मनमा विचार र अनुभूतिको समुचित सन्धि पाइन्छ (सुवेदी, २०३० पृ. २८१) ।' महान् कविका कृतिमा भाव र विचार, भावुकता र बौद्धिकता, परम्परा र वैयक्तिकता, समसामयिकता र शाश्वतताका बीचमा समन्वय रहन्छ भन्दै कुनै एक पक्षमा समन्विति नभएमा काव्योत्कर्ष खण्डित हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेकाले यिनी संवेदनाको विच्छेदनका पक्षमा नभई समन्वितिका पक्षमा रहेको देखिन्छ । यिनले संवेदनशीलता भाव र विचार दुवैमा एकान्वित रूपमा आउनुपर्छ र संवेदनामा विचारको रूपान्तरण हुनुपर्छ भन्ने दृष्टिकोण अघि सारेका छन् ।

साधारण मानिसका अनुभूति विशृङ्खलित, अनियमित वा खण्डित हुनाका साथै परस्पर असम्बद्ध हुन्छन् । परन्तु जब कविको मन काव्यसिर्जनाका निम्ति परिष्कृत र सज्जित हुन्छ तब उसले यस्ता अनुभूतिहरूलाई शृङ्खलित रूपमा संयोजित तुल्याउँछ । ... संवेग र विचारको यही पारस्परिक समन्विति नै एलियटको

समन्वित संवेदना हो । मानवीय अन्तस्करणका विभिन्न स्तरको समन्वितिमै उत्तम कोटिको काव्यको सिर्जना हुन्छ भनी ठान्ने एलियटका दृष्टिमा केवल आवेगमा हुर्कने काव्यपरम्परा वा केवल चिन्तनमा फैलिने काव्यपरम्परा संवेदनाको विच्छिन्नता हो । चिन्तन अनुभूतिमय र अनुभूति चिन्तनमय बन्न सक्नु नै इलियटले चाहेको आदर्श स्थिति हो र यही नै उनको समन्वित संवेदनाको सिद्धान्तको मर्म हो (त्रिपाठी, २०४८ पृ. २९२) । कलरिजले कल्पनालाई मानवीय चेतनाका परस्पर विपरीत (विरुद्ध/विसंवादी) तत्त्वहरूलाई पनि एकान्वित तथा संश्लिष्ट तुल्याई कलात्मक पुनःसृजन गर्ने मानवीय आत्मा (वा मन) को विशिष्ट अन्वितिकारी र संश्लेषणकारी शक्तिका रूपमा चिनाएजस्तै एलियटले समन्वित संवेदनालाई प्रतिकूल, विपरीत वा विसंवादी वस्तुहरूका बीचमा पनि एकत्वको स्थापना गर्ने शक्ति ठान्दछन् । एलियटका अनुसार सफल कविको रचनामा विचार र विम्वहरू सम्यक रूपमा विलयन भएपछि तेस्रो वस्तुका रूपमा कविता जन्मिन्छ । समन्वित संवेदनाका सिद्धान्तमा आङ्गिक वा गतिशील अलङ्कारको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने मानिन्छ । यसले चिन्तनलाई ऐन्द्रिकता दिएर चिन्तनलाई संवेगका रूपमा पुन: सृजन गराउँछ । यसो नहुँदा अलङ्कार चिन्तनको व्याख्या वा आवेगको शृङ्गार मात्र हुन्छ । अतः एलियट आवेग र विचारलाई समग्र एवं अभिन्न रूपमा एकान्वित गर्ने सामर्थ्यलाई नै समन्वित संवेदनाको संश्लेषणकारी शक्ति मान्दै आङ्गिक र गतिशील अलङ्कारका रूपमा यो शक्ति अभिव्यक्त हुन्छ भन्ने मान्दछन् ।

## निष्कर्ष

एलियटले परम्परालाई इतिहासको कहिल्यै अवरुद्ध नहुने अखण्डित एवं गतिशील अजस्र धाराका रूपमा अर्थात् विगत, आगत र अनागत समेतको निरन्तर प्रवाहका रूपमा लिएको देखिन्छ । परम्परा केवल पूर्ववर्ती नियम र प्रवृत्तिको अन्धानुकरण नभएर इतिहासका तीनै कालको ऐतिहासिक चेतना हो । यस्तो ऐतिहासिक दृष्टिकोणले कविलाई समयको सानो दायराबाट मुक्त गरिदिन्छ । यसरी स्रष्टा र द्रष्टा दुवै परम्पराप्रति सजग रहनुपर्ने कुरा स्पष्ट हुन्छ । परम्परा कुनै साहित्यको पृष्ठभूमि वा अतीत मात्र नभएर त्यसको निरन्तरता हो र यो सदैव जीवन्त एवं गतिशील हुन्छ । यसरी परम्परालाई त्रिकालिकता प्रदान गरेर हरेक कालखण्डमा आउने व्यक्तिप्रतिभालाई अखण्ड परम्परामा सामेल गराउँदै परम्पराकै सापेक्षतामा व्यक्तिप्रतिभाको मूल्याङ्कन गरी उसका स्थानको निर्धारण-पुनर्निर्धारण गरिन्छ भन्ने सिद्धान्त नै एलियटको परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त हो ।

अविच्छिन्न एवं अखण्ड रूपमा प्रवाहित परम्पराका विभिन्न क्षण/कालखण्डमा विभिन्न व्यक्तिप्रतिभाहरू आउनेजाने कम निरन्तर चलिरहन्छ र निर्वैयक्तिक ढङ्गबाट साहित्य सिर्जना गर्ने प्रक्रिया पनि चलिरहन्छ । कवि कविताको माध्यम, जीवनजगत् कविताको विषय/सामग्री तथा कविता वस्तुपरक/निर्वैयक्तिक अभिव्यक्ति गरिएको रचना हो । निर्वैयक्तिकताको तात्पर्य 'कविका वैयक्तिक भावहरूको विशिष्टताको सामान्यीकरण' हो । कवि आफ्ना तीव्र संवेदना र ग्रहणसामर्थ्यबाट सर्वसाधारणका अनुभूतिहरूलाई पनि आफ्नै निजी अनुभूतिहरूझैँ अनुभूत गर्दछ वा ती अनुभूतिहरू पनि कविका निजी अनुभूति बन्दछन् ; परन्तु जब कवि स्वभुक्त अथवा चिन्तनद्वारा आयत्त अनुभूतिहरूलाई काव्यमा अभिव्यक्त गर्दछ तब ती अनुभूतिहरू सबैका अनुभूति बन्दछन् । प्रतिभाशाली कलाकारले आफ्ना अनुभूति, भावना र संवेदनालाई नवीनतासाथ निर्वैयक्तिक रूपमा प्रस्तुत गर्दछ र त्यो सिर्जना उत्कृष्ट सिर्जना बन्दछ । सामान्य कलाकार कर्ता/भोक्ताका भावमा स्थित हुने भएकाले उसमा वैयक्तिक भावको प्राधान्य रहन्छ भने उत्कृष्ट कलाकार द्रष्टा/साक्षीका भावमा स्थित हुने भएकाले उसमा निर्वैयक्तिकता पाइन्छ ।

एलियटले आवेगहरू वस्तुगत समीकरणकै आधारमा साहित्यिक कृतिमा व्यक्त हुने अथवा आवेगलाई वस्तुगतता वा नाटकीयता दिएरै व्यक्त गरिनुपर्ने कुरा व्यक्त गर्दै वस्तुगत समीकरणको सिद्धान्तको प्रतिपादन गरेका छन् । उनका विचारमा 'रागलाई कलाका रूपमा व्यक्त गर्ने काम त्यसको वस्तुमूलक प्रतिरूपता प्राप्त गरेर मात्र सम्भव हुन्छ । वस्तु-संघटना, स्थिति वा घटना-शृङ्खलाजस्ता बाह्य वस्तुहरूलाई यसरी प्रस्तुत गरियोस् जसको पर्यवसान अपरोक्ष मानस-अनुभवका रूपमा होओस् । कुनै पनि कवि वा नाटककारले कुनै घटना, कुनै स्थिति, कुनै घटना-शृङ्खलाका माध्यमबाट भावकमा ठिक तिनै अनुभूति, भाव वा विचारलाई जागृत गर्छ जुन आफ्ना मनमा जागृत भएका थिए । यसरी आवेगलाई कलाकृतिका रूपमा परिणत गर्ने उपाय वस्तुगत समीकरण नै हो । एलियट साहित्यकारले आफूले प्रकट गर्न चाहेका रागात्मक आवेग, अनुभूति, भाव वा विचारलाई वस्तुगतता र नाटकीयता दिएर समानार्थ-अभिव्यञ्जक संवेग वा वस्तु-संघटना, स्थिति वा घटना-शृङ्खलाजस्ता बाह्य वस्तुहरूद्वारा अभिव्यञ्जित गरिनुपर्ने कुरा औंल्याउँछन् । एलियटको यस वस्तुगत समीकरणको सिद्धान्तलाई पौरस्य काव्य चिन्तनअन्तर्गत रससिद्धान्तका कोणबाट हेर्दा भाव अनुकूलका विभावको प्रयोग वा 'विभाव-विधान' का रूपमा पनि बुझ्न सकिने देखिन्छ ।

कुनै पनि महान् कविका कृतिमा भाव र विचार, भावुकता र बौद्धिकता, परम्परा र वैयक्तिकता, समसामयिकता र शाश्वतताका बीचमा समन्वय रहन्छ र कुनै एक पक्षमा समन्विति नभएमा काव्योत्कर्ष खण्डित हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेकाले एलियट संवेदनाको विच्छेदनका पक्षमा नभई समन्वितिका पक्षमा रहेको प्रस्ट हुन्छ । यिनले संवेदनशीलता भाव र विचार दुवैमा एकान्वित रूपमा आउनुपर्छ र संवेदनामा विचारको रूपान्तरण हुनुपर्छ भन्ने दृष्टिकोण अघि सारेका छन् । साधारण मानिसका अनुभूति विशृङ्खलित, अनियमित वा खण्डित हुनाका साथै परस्पर असम्बद्ध हुन्छन् । परन्तु जब कविको मन काव्यसिर्जनाका निम्ति परिष्कृत र सज्जित हुन्छ तब उसले यस्ता अनुभूतिहरूलाई शृङ्खलित रूपमा संयोजित तुल्याउँछ । ... संवेग र विचारको यही पारस्परिक समन्विति नै एलियटको समन्वित संवेदना हो । एलियटका दृष्टिमा केवल आवेगमा हुर्कने काव्यपरम्परा वा केवल चिन्तनमा फैलिने काव्यपरम्परा संवेदनाको विच्छिन्नता हो । चिन्तन अनुभूतिमय र अनुभूति चिन्तनमय बन्न सक्नु नै एलियटले चाहेको आदर्श स्थिति हो र यही नै उनको समन्वित संवेदनाको सिद्धान्तको मर्म हो । कलरिजले कल्पनालाई मानवीय चेतनाका परस्पर विपरीत (विरुद्ध/विसंवादी) तत्वहरूलाई पनि एकान्वित तथा संश्लिष्ट तुल्याई कलात्मक पुनःसृजन गर्ने मानवीय आत्मा (वा मन) को विशिष्ट अन्वितिकारी र संश्लेषणकारी शक्तिका रूपमा चिनाएजस्तै एलियटले पनि समन्वित संवेदनालाई प्रतिकूल, विपरीत वा विसंवादी वस्तुहरूका बीचमा पनि एकत्वको स्थापना गर्ने शक्तिका रूपमा चिनाएका छन् ।

## सन्दर्भ-सामग्री

गुप्त, डा. शान्तिस्वरूप (सन् २००३) ***पाश्चात्य काव्यशास्त्र के सिद्धान्त,*** दिल्ली : अशोक प्रकाशन ।

चौधरी, सत्यदेव र गुप्त, शान्तिस्वरूप (सन् २०००) ***भारतीय तथा पाश्चात्य काव्यशास्त्रका संक्षिप्त विवेचन,*** दिल्ली : अशोक प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०) ***पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१*** ते.सं. काठमाडौं : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८) ***पाश्चात्य साहित्य सिद्धान्त,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, अभि (२०२९) ***पाश्चात्य काव्य-सिद्धान्त,*** काठमाडौं : साझा प्रकाशन ।